# NIC गर्मी बिदा उच्च माध्यामिक तहका बिद्ध्यार्थीहरुको लागि जापानी भाषाको कक्षाहरूमा बिद्ध्यार्थी भर्ना



✐<u>नागोया अन्तरराष्ट्रीय केन्द्रमा जापानी भाषा मातृभाषाको रुपमा प्रयोग नगर्ने विदेशी उच्च माध्यामिक तहका बिद्ध्यार्थीहरु र जापानी उच्च माध्यामिक・विश्वविद्यालय तहको प्रवेश परिक्षा लक्ष्य बोकेका विदेशी बिद्ध्यार्थीहरुको लागि जापानी भाषा कक्षाहरूमा भर्ना खुल्दैछ।</u> स्वयंसेवकहरूले बिद्ध्यालयमा आवश्यकपर्ने जापानी भाषा सिकाउने छन्।

**लक्षित समूह:** <u>बिदेशी उच्च माध्यामिक तहका बिद्ध्यार्थी र जापानी उच्च माध्यामिक・विश्वविद्यालय तहको प्रवेश परिक्षा लक्ष्य बोकेका बिद्ध्यार्थीहरु</u> (2011 साल 4 महिना 1 गते सम्म जन्मिएका व्यक्ति)

*निम्न माध्यमिक स्कूलका विद्यार्थीहरूले NIC बालबालिका जापानी भाषाको कक्षामा भाग लिनु पर्नेछ। (तथापि, सन्ध्याकालीन निम्न माध्यमिक स्कूलका विध्यार्थीहरुले भने NIC उच्च माध्यमिक स्कूलका विध्यार्थीहरुको लागि स्थापित सन्ध्याकालीन जापानी भाषाको कक्षामा भाग लिन सक्नेछन्)

*नागोया सहरमा बसोबास गर्नुहुने साथै नागोया सहर भित्रको माध्यामिक बिद्ध्यालयमा भर्ना भएको बिद्ध्यार्थीलाई प्राथमिकता दिईनेछ।

**मिति र समय:** 2026 साल 7 महिना 26 गते (आइतबार), 8 महिना 2 गते (आइतबार), 8 महिना 8 गते (शनिबार), 8 महिना 16 गते (आइतबार), 8 महिना 23 गते (आइतबार)14:00 बजे -16:00 बजे

**स्थान** : नागोया अन्तरराष्ट्रीय केन्द्र, पाँचौं तला, बैठक कोठा
(नागोयासी नाकामुराकु नागोनो 1-47-1)

**प्रवेश शुल्क:** 1000 येन (जम्मा 5 पटकको शुल्क)

**क्षमता:** 25 जना (पहिले आउनेलाई पहिलो प्राथमिकता )

यहाँबाट आबेदन दिन सकिनेछ

**निबेदन दिने तरिका:**

① 6 महिना 25 गते (बिहीबार)10:00 बजे बाट 7 महिना 9 गते (बिहीबार)17:00 बजे सम्म नागोया अन्तरास्ट्रिय केन्द्रको वेब साइट मार्फत आबेदन लिइने छ।

② 7 महिना 19 गते (आइतबार)13:00 बजे बाट नागोया अन्तर्राष्ट्रिय केन्द्रको पाँचौं तला, बैठक कोठामा अन्तर्वार्ता र सहभागीता शुल्क भुक्तानी हुनेछ।

यदि अनुपस्थिति हुने अवस्थामा अनिवार्य सम्पर्क गर्नुहोस्!

यदि बिना जानकारी लगातार 3 पटक अनुपस्थित भएमा सहभागी दर्ता खारेज गरि, उक्त टर्म वा कोर्सको बाँकि रहेको कक्षपनि लिन सकिनेछैन। कृपया ध्यान दिनुहोस्।

**प्रायोजन: नागोया सिटि बोर्ड अफ एजुकेसन**

✂------✂------✂------✂------✂------✂------✂------✂------✂------✂------✂-

क्रमश...

नाम:________________________________ लिङ्ग: साल महिना गते

यहाँ लेखिएको सर्तहरुमा सहमत भै,निवेदकलाई उच्च माध्यामिक तहका बिद्ध्यार्थीहरुको लागि जापानी भाषाको कक्षाकोठामा पठाउन सहमत हुनुहुन्छ भने अभिभावकको हस्ताक्षर गर्नुहोला।

अभिभावकको हस्ताक्षर________________________________________________

*पछाडिको पेजमा गईरहेको बिध्यालयको शिक्षकलाई लेखाउनुहोला।

# अभिभावकहरुको लागि

**निबेदन दिनु अगाडी पढ्नुहोला**

1 जापानी भाषा कक्षाकोठाको उद्देश्य बिद्ध्यालय अथवा दैनिक जिवानयापनको लागि आवस्यक पर्ने जापानी भाषा सिकाइ, उच्च माध्यामिक तहको पढाइ पुरा गर्न आवस्यक पर्ने जापानी भाषाको क्षमता बढाउने उद्देश्यले सिकाइन्छ।

2 कक्षा कोठामा सिट सिमित भएकोले निवेदन दिनेको संख्या तोकिएको क्षमता भन्दा बढी भएको खण्डमा उपस्थित हुन सक्ने बालबालिकाबाट छनौट गरिनेछ।

## NIC उच्च माध्यामिक तहका बिद्ध्यार्थीहरुको लागि जापानी भाषाको कक्षाकोठाबारे ध्यान दिनुपर्ने कुराहरु

☆भाषा सिक्न आउदाजादा कुनै घटना भएको खण्डमा नागोया अन्तरराष्ट्रीय केन्द्रले कुनै पनि जिम्मा लिदैन।

☆ताइफु या प्राकृतिक प्रकोपको स्थितिमा कक्षा कोठा बिदा हुनेछ। त्यस समयमा नागोया अन्तरास्ट्रिय केन्द्रबाट मेल पठाउने छौं।


**सम्पर्क:**

सर्वजनिक फाउन्डेसन निगम नागोया अन्तरराष्ट्रीय केन्द्र,

**फोन:** 052-581-5689 (सोमबार भवन बन्द)

**फ्याक्स:** 052－581－5629

**ई मेल:** vol@nic-nagoya.or.jp




पछाडी

**बिद्ध्यालयका शिक्षकहरूलाई (अनुरोध)**

यो कक्षाकोठा नागोया अन्तरास्ट्रिय केन्द्रले नागोया शहरको लागि प्रबर्द्धनात्मक परियोजनाको रूपमा सञ्चालन गर्दछ जसमा जापानी भाषालाइ आफ्नो मातृभाषाको रुपमा प्रयोग नगर्ने बालबालिकाहरुको बिद्ध्यालय-जीवनप्रतिको चिन्ता हटाई, भविस्यको सम्भावित लक्ष्य प्राप्तिको लागि सक्षम बनाउन सघाउने जस्ता जापानी भाषा सिकाई सहयोग गर्दछ।

बिद्ध्यार्थीहरुको सिकाई ग्रहण क्षमतामा, प्रत्येक सहभागीको जापानी भाषा क्षमता र कक्षाकार्य बुझ्नको लागी,शिक्षकहरूको राय-सल्लाह दिनुहुनको लागि अनुरोध गर्दछौं।

बिद्ध्यार्थीहरुले गर्न सक्ने कुरा र उनीहरुको कक्षाकार्यको बारेमा शिक्षकहरुको निष्कर्षलाइ अबिभाबकहरुको स्वीकृति लियर गरिएको मुल्यांकन यहाँ लेखिदिनु भएमा आभारी हुनेछौं।

*तपाईंले लेखिदिनुभएको सन्दर्भ सामग्रीहरू अन्य उद्देश्यका लागि प्रयोग गरिने छैन।

先生方へ（お願い）

この教室は、名古屋国際センターが名古屋市の指定管理事業として実施する事業で、日本語を母語としない子どもたちが学校での生活を心配なく継続し、将来の展望を描くことができるよう、日本語の学習を支援します。

学習者を受け入れるにあたり、一人ひとりの日本語能力や課題を知るために、先生方のご意見・ご助言をお願いします。学習者のできること、課題について、先生のご所見を保護者の承諾を得たうえで、ご記入頂ければ幸いです。

※ご記入頂いた内容は事業以外の目的には使用しません。

| 学校（日本語教室など）名 | 先生のお名前 |
| --- | --- |
| | |